**आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली**

**मितिः १७ जून २०२६**

समयः १८:५० - १९:०५ बजे *(अवधि १५ मिनट)*

**<u>प्रमुख समाचार</u>**

- प्रधानमन्त्री नरेन्द्र मोदीले शुक्रबार नयाँ दिल्लीमा एक विशेष कार्यक्रममा प्रधान मन्त्री विकसित भारत रोजगार योजना अन्तर्गत लगभग 24 सय करोड रुपियाको प्रोत्साहन राशी वितरण गर्नुहुनेछ।

- गोर्खाल्याण्ड टेरिटोरियल एड्मिनिस्ट्रेसन जी.टी.ए का प्रमुख कार्यापाल  अनित थापाले जीटीए चीफ तथा सभासद् पदबाट राजीनामा दिनुभएको छ l

- पश्चिम बङ्गाल सरकारले जनकल्याण शिविरको अवधि एक दिनको लागि बढ़ाउने निर्णय  लिएको छ।

- राज्यकै सर्वाधिक  ठुलो दार्जीलिङ पुलबजार खण्ड पंचायत समितिमा भारतीय जनता पार्टीको  बोर्ड गठन भएको छ।

- आकाशवाणी खर्साङका  upper División clark - बरिष्ठ लिपिक श्री दावा नर्बु योल्मोको असामयिक निधन भएको छ।

**<u>प्रधानमंत्री नरेंद्र मोदी प्रधानमंत्री विकसित भारत रोजगार योजना-पीएम-</u>**

प्रधानमन्त्री नरेन्द्र मोदीले शुक्रबार नयाँ दिल्लीमा एक विशेष कार्यक्रममा प्रधान मन्त्री विकसित भारत रोजगार योजना (पीएम-वीबीआरवाई) अन्तर्गत लगभग 24 सय करोड रुपियाको प्रोत्साहन राशी वितरण गर्नुहुनेछ। प्रधानमन्त्री कार्यालय- पीएमओले भनेको छ , यो वितरण केन्द्रको प्रमुख रोजगार- आधारित प्रोत्साहन योजनाको कार्यान्वयनमा एक महत्वपूर्ण उप[उपलब्धि  हो, जसको उद्देश्य रोजगार सिर्जनालाई गति दिनु, रोजगारलाई औपचारिक बनाउनु र सामाजिक सुरक्षा दायरा विस्तार गर्नु हो। पीएमओले भनेको छ, यस योजनाले देशभरिका लगभग १५ लाख लाभार्थीहरूलाई रोजगार प्राप्त गर्न मद्दत गरेको छ। यस योजना अन्तर्गत, पहिलो पटक काम गर्ने कर्मचारीहरूले उनीहरूलाई कार्यक्षेत्रमा सामेल हुन मद्दत गर्न 15 हजार रुपियाँसम्मको प्रोत्साहन प्राप्त गर्न योग्य हुन्छन्। थप रोजगार सिर्जना गर्ने रोजगारदाताले प्रत्येक अतिरिक्त श्रमिकहरुका लागि मासिक ३ हजार रुपियाँसम्म प्रोत्साहन पाउने भएका छन् । यस योजनाले बिनिर्मान क्षेत्रलाई पनि विशेष सहयोग प्रदान गर्दछ। विनिर्माण क्षेत्रका नियोक्ताले चार वर्ष र अन्य क्षेत्रका नियोक्ताले दुई वर्षका लागि प्रोत्साहन पाउनेछन् ।

**<u>जीटीए चेयरमैन अनित थापा -इस्तीफा</u>**

गोर्खाल्याण्ड टेरिटोरियल एड्मिनिस्ट्रेसन (जीटीए) का प्रमुख अनित थापाले जीटीए चीफ तथा सभासद् पदबाट राजीनामा दिएको घोषणा गर्नुभएको छ l जनताको दीर्घकालीन आकांक्षा र गोर्खा समुदायको अधिकार प्राप्तिका लागि आफूले यो कदम चालेको बताउनु भएको छ lआफ्नो सम्बोधनमा थापाले गोर्खाहरूको जनाकांक्षा पूरा हुनु आवश्यक रहेको उल्लेख गर्नुहुँदै शान्तिपूर्ण, लोकतान्त्रिक तथा संवैधानिक पद्धतिमार्फत सरकार समक्ष जनभावनालाई  सम्बोधन गर्न आग्रह गर्नुभएको छ l उहाले जनताको आवाजलाई सम्मान गर्दै समस्याको स्थायी समाधान खोज्न सबै पक्षलाई एकजुट हुन अपील समेत गर्नुभएको छ l यो घटनालाई लिएर पहाडको राजनीतिक वृत्तमा निकै हलचल मच्चिएको छ ।

१- <u>Byte- अनित थापा</u>

**<u>जनकल्याण शिविर- अवधि बडाईयो</u>**

राज्यभरिनै आयोजित जनकल्याण शिविरहरूमा उर्लिएको जन समुद्रलाई मध्यनजर गर्दै पश्चिम बङ्गाल सरकारले शिविरको अवधि एक दिनको लागि बढ़ाउने निर्णय  लिएको छ। मुख्यमन्त्री शुभेन्दु अधिकारीले आज  दक्षिण 24 परगनाको फाल्टामा आयोजित एक जनकल्याण शिविरको निरीक्षण भ्रमण गर्नुहुदै , अब यो अभियान बिहीवारसम्म जारी रहने घोषणा गर्नुभयो ।

<u>2-Byte-रोशनी छेत्री</u>

मुख्यमन्त्री श्री अधिकारीले भन्नुभयो - निर्धारित समयमा सबै क्षेत्रहरूमा पर्याप्त सङ्ख्यामा शिविर आयोजना गर्न नसकिएको कारणले शिविरहरूमा लाभार्थीहरूको अत्याधिक  भीड़ देखिँदैछ। उहाले अझ भन्नुभयो -, राज्यका मानिसहरूले सरकारमाथि भरोसा व्यक्त गरिरहेका छन् र ठूलो सङ्ख्यामा सरकारी योजनाहरूको लाभ लिनका लागि शिविरहरूमा पुगिरहेका छन्। उहाले

भन्नुभयो - जनकल्याण शिविरहरूको माध्यमबाट केन्द्र तथा राज्य सरकारका विभिन्न योजनाहरूको लाभ एउटै समयमा उपलब्ध गराइँदैछ। मुख्यमन्त्री श्री अधिकारी  अनुसार, सरकारले यो सुनिश्चित गरिरहेको छ कि नागरिकहरूलाई सबै कल्याणकारी योजनाहरूको लाभ पूर्ण पारदर्शिता तथा भ्रष्टाचार रहित प्राप्त होस्।मुख्यमन्त्री शुभेन्दु अधिकारीले भन्नुभयो -राज्यवासीहरूलाई कुनै पनि प्रकारको अनियमितता बिनै लाभ प्राप्त होस् भन्न खातिर विशेष व्यवस्था गरिएको छ। उहाले  शिविरहरूमा लगातार बढ़िरहेको भीडलाई ध्यानमा राखेर यसको अवधिलाई बढ़ाउने निर्णय लिइएको बताउनु भएको छ ।मुख्यमन्त्री श्री अधिकारीले बताएनुसार , 54 वटा योजनाहरूलाई जनकल्याण शिविरको माध्यमबाट मानिसहरूसम्म पुऱ्याइँदैछ। यसमा आयुष्मान भारत योजना सबैभन्दा महत्वपूर्ण छ।उहाले  राज्यका 01 करोड़ 43 लाख परिवार तथा लगभग 6.5 करोड़ मानिसहरूलाई यस योजनाको लाभ प्राप्त हुनेछ।

**बिजनबारी -भाजपा बोर्ड**

राज्यमा सत्ता परिवर्तन सगै अस्थिरतामा रहेको राज्यकै सबैभन्दा ठुलो खण्ड दार्जिलिङ पुलबजार खण्ड पंचायत समितीमा अन्तत भारतीय जनता पार्टीले बोर्ड गठन गर्न सफल भएको छ। आज खण्ड बिकास कार्यालयमा आयोजित फ्लोर टेस्टमा बहुमत सावित गर्दै पहिलोपटक खण्ड पंचायत समिती भाजपाले दखल गर्न सफल भएको हो। खण्ड विकास कार्यालयमा अधिकारीहरु सामु गरिएको प्लोर टेस्टमा ४२ सदस्यहरु मध्येमा ३७ जनाले भाजपाको पक्षमा सहमती जनाएपछि भाजपा दरिलो उभिंदै खण्डमा आफ्नो पकड जमाएको हो भने ७ जना सदस्यहरुले भाजपालाई असहमती जनाए भने ५ सदस्यहरु फ्लोर टेस्टमा अनुपस्थित रहे। यसैबीच दबाईपानी ग्राम पन्चायतकी निर्वाचीत भाजपा सदस्य निमन्ता तामाङलाई सर्वसहमतीमा खण्ड पन्चायत समिति सभाधिपति बनाउने निर्णय गरियो भने टकभर निवासी रिवाज गुरुङलाई उपाध्यक्ष  बनाउने निर्णय गरियो । कार्यक्रममा जिल्ला भाजपा अध्यक्ष सन्जीव लामा, जिल्ला सागठनीक सचीव गोपाल बुढाथोकी, युवा नेता साकल देवान, खण्ड अधिनस्त विभिन्न मण्डलहरुका अध्यक्ष-महासचिव लगायतका नेतृत्वगणको उपस्तिथि रहेको थियो। यसैबीच भाजपा जिल्ला अध्यक्ष सन्जीव लामाले नयाँ बोर्डलाई शुभकामना प्रकट गर्नुहुदै  यो परिवर्तनको जनताको पक्षमा रहेको बताउनु भएको छ ।

**राज्यकै सर्वाधिक ठुलो दार्जीलिंग बिजनबारी पंचायत समितिमा भाजपाको  बोर्ड**

राज्यमा सत्ता परिवर्तन सगै अस्थिरतामा रहेको राज्यकै सबैभन्दा ठुलो खण्ड दार्जिलिङ पुलबजार खण्ड पंचायत समितीमा अन्तत भारतीय जनता पार्टीले बोर्ड गठन गर्न सफल भएको छ। आज खण्ड बिकास कार्यालयमा आयोजित फ्लोर टेस्टमा बहुमत सावित गर्दै पहिलोपटक खण्ड पंचायत समिती भाजपाले दखल गर्न सफल भएको हो। खण्ड विकास कार्यालयमा अधिकारीहरु सामु गरिएको प्लोर टेस्टमा ४२ सदस्यहरु मध्येमा ३७ जनाले भाजपाको पक्षमा सहमती जनाएपछि भाजपा दरिलो उभिंदै खण्डमा आफ्नो पकड जमाएको हो भने ७ जना सदस्यहरुले भाजपालाई असहमती जनाए भने ५ सदस्यहरु फ्लोर टेस्टमा अनुपस्थित रहे। यसैबीच दबाईपानी ग्राम पन्चायतकी निर्वाचीत भाजपा सदस्य निमन्ता तामाङलाई सर्वसहमतीमा खण्ड पन्चायत समिति सभाधिपति बनाउने निर्णय गरियो भने टकभर निवासी रिवाज गुरुङलाई उपाध्यक्ष  बनाउने निर्णय गरियो । कार्यक्रममा जिल्ला भाजपा अध्यक्ष सन्जीव लामा, जिल्ला सागठनीक सचीव गोपाल बुढाथोकी, युवा नेता साकल देवान, खण्ड अधिनस्त विभिन्न मण्डलहरुका अध्यक्ष-महासचिव लगायतका नेतृत्वगणको उपस्तिथि रहेको थियो। यसैबीच भाजपा जिल्ला अध्यक्ष सन्जीव लामाले नयाँ बोर्डलाई शुभकामना प्रकट गर्नुहुदै  यो परिवर्तनको जनताको पक्षमा रहेको बताउनु भएको छ ।

**खर्सांग -पंचायत समिति बोर्ड बिघटन**

भारतीय गोर्खा प्रजातान्त्रिक मोर्चाको बोर्ड रहेको खरसाङ खण्ड पञ्चायत समितिको बोर्ड पनि ढलेको छ। आज खरसाङ खण्ड पञ्चायत समितिको 5 जना कर्माध्यक्षसहित जम्मा 11 जना पञ्चायत समिति सदस्य सदस्याहरुले सामुहिक रुपमा भारतीय गोर्खा प्रजातान्त्रिक मोर्चाबाट राजीनामा दिएका छन्। यसमा सहकारी सभापति नारायण थापाले पहिलाबाट नै राजीनामा दिएका थिए। 31 जना रहेको खरसाङ पञ्चायत समितिको बोर्डमा 12 जनाले पार्टीबाट राजीनामा दिएपछि भाजपाको 5 जना पञ्चायत सदस्य-सदस्याहरु रहेकोले अब जम्मा  सदस्यको संख्या 17 भएको छ  1

**भारतीय रेलवे  पूर्वी रेलवे**

भारतीय रेलवेले पूर्वी रेलवेको सिग्नलिंग प्रणालीको आधुनिकीकरणका लागि ४०५ करोड रुपियाँ लागतको परियोजना स्वीकृत गरेको छ। यस परियोजना अन्तर्गत, रिले-आधारित इन्टरलकिङ प्रणालीहरूलाई ३२ स्टेशनहरूमा इलेक्ट्रोनिक इन्टरलकिङमा रूपान्तरण गरिनेछ। रेल मन्त्रालयले भनेको छ, यो परियोजना सिग्नलिंग बुनियादी ढाचा बिकासको आधुनिकीकरण र रेलवे सुरक्षालाई सुदृढ गर्ने दिशामा एक महत्त्वपूर्ण कदम हो।

**उदयन गुहा- पक्राउ**

पश्चिम बंगालमा तृणमूल कांग्रेसका नेता तथा उत्तर बङ्गालका पूर्व विकास मन्त्री उदयन गुहालाई पुलिसले पक्राउ गरेको छ। कुचबिहार पुलिसले आज  कोलकाताको फूलबागानस्थित उनको फ्ल्याटबाट पक्राउ  गरेको हो।

## आकाशवाणी खर्सांग -दावा येल्मो निधन

आकाशवाणी खर्साङका upper División clark - बरिष्ठ लिपिक श्री दावा नर्बु योल्मोको असामयिक निधन भएको छ। उहाँ विगत एक वर्ष देखि चिकित्सकिय उपचारमा हुनुहुन्थ्यो। उहाँको निधन मुम्बईको टाटा मेंमेरियल अस्पताल मुम्बईमा हिजो 16 जूनको दिन अपरान्ह 3 बजेर 50 मिनटमा भएको थियो। आज अपराह्न मुम्बईबाट उहाँको पार्थिव शरीर बागडोगरा हवाई अड्डा ल्याईपुर्याएको थियो। बागडोगराबाट एम्बुलेन्समा उहाँको परिवार तथा आकाशवाणी खरसाङ्गका कर्मीहरुद्वारा विभिन्न वाहनहरूको कन्भएका साथ खरसांगको रेडियो स्टेशनमा ल्याई पुर्याइयो। आकाशवाणी खर्साङ को प्रांगणमा उसको पार्थिव शरीरलाई केही समयका लागि राखिएको थियो जहाँ आकाशावाणी -1 क्लस्टर प्रमुख जितेन कुमार रोयले श्रद्धाञ्जली अर्पित गर्नु भयो त्यस पछि आकाशवाणी खर्साङका सय भन्दा अधिक कर्मीहरूले खदा र पूष्प अर्पित गरी भावपूर्ण श्रद्धाञ्जली अर्पित गरे। आकाशवाणी खर्साङबाट उहाँको पर्थिव शरीर चौरस्ता नजिक आलूवारी दार्जिलिंगमा उहाँको पैतृक निवासमा लगियो। भोली उहाँको अन्तिम संस्कार गरिनेछ। उहाँले आफ्नो धर्मपत्नी तथा दुई छोरीहरुलाई छोडेर परलोक गमन गर्नु भएको छ। उहाँको असामयिक निधनप्रति आकाशवाणी खरसांग तथा पहाडका सबै रेडियो रिले सेन्टरहरू तथा सिलगढी आकाशवाणीका कर्मीहरूले गहिरो शोक समवेदना व्यक्त गरेका छन्। उहाँ आकाशवाणीमा 22 मार्च 1993 देखि सेवारत हुनुभएको थियो।उहाँले All India Radio खरसांगमा नै पहिलो नियुक्ति पाउनु भएको थियो । आफ्नो सेवाको समय पूरा नगरि नै संसार छोड्नु भयो। आकाशवाणी खरसांगले उहाको पार्थिव शरीरलाई कर्मचारीहरूको आँशुषरी आँखाले अन्तिम विदाई दिए। उहाँको आत्माको शान्ति र मोक्षका लागि आकाशवाणी खर्सांगले प्रार्थना सभा पनि आयोजित गरियो तथा उहाँको सम्मानमा दुई मिनटको मौन धारण गरियो। रेडियोका अवकाश प्राप्त कर्मचारीहरू पनि रेडियो स्टेशनमा उहाँलाई श्रद्धाञ्जली अर्पित गर्दै अन्तिम विदाई दिए।

**********